१. राष्ट्रिय आपतकालीन कार्यसञ्चालन केन्द्र (NEOC) को मिति २०७८ जेष्ठ २८ गतेको जिल्ला विपद् व्यवस्थापन समितिलाई प्राप्त निर्देशन कार्यान्वयन गर्ने ।

२. कैलाली जिल्लामा यस वर्ष विपदबाट १०,००० (दश हजार) घरपरिवार प्रभावित हुन सक्ने पूर्वानुमानका आधारमा तयार भएको विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना (DPRP) को १० औं अद्यावधिक, २०७८ लाई सुझाव सहित अनुमोदन गर्ने साथै यस योजनाका आधारमा विपद् पूर्वतयारी र प्रतिकार्यका गतिविधि सञ्चालन गर्न निर्देशन दिने ।

३. यस वर्षको मनसून विगतमा भन्दा बढी सक्रिय हुने भनी जल तथा मौसम विज्ञान विभागबाट पूर्वानुमान भए अनुसार सोही बमोजिम कैलाली जिल्लाले तयार पारेको मनसून पूर्वतयारी तथा प्रतिकार्य योजना, २०७८ लाई अनुमोदन गर्ने ।

४. कैलालीको बाढीजन्य प्रकोपको पूर्वतयारीका लागि कर्णाली, कान्द्रा, पथरैया, मोहना नदी लगायतका जोखिमयुक्त क्षेत्रहरुमा हुन सक्ने कटान तथा बाढीका कारण हुने क्षति न्यूनीकरणका लागि समयमै रोकथाम तथा आपतकालीन तटबन्धको लागि कार्य गर्न सम्बन्धित कार्यालयहरुलाई निर्देशन दिने ।

५. मनसून अवधिभर मनसून सम्बन्धी सूचना तथा बुलेटिनहरुलाई उच्च प्राथमिकता दिई प्रकाशन प्रसारण गर्न सबै सञ्चार माध्यमहरुलाई अनुरोध गर्ने । साथै, दैनिक मनसून सम्बन्धी पूर्वानुमान महाशाखाले जारी गर्ने बुलेटिन सबै सरोकारवालालाई दैनिक इमेल मार्फत् उपलब्ध गराउने व्यवस्था जिल्ला आपतकालीन कार्य सञ्चालन केन्द्र (DEOC) ले मिलाउने ।साथै जिल्लाको पूर्वसूचना प्रणालीका लागि जल तथा मौसम विज्ञान विभाग अत्तरियाको समन्वयमा सूचना संयन्त्र निर्माण गर्ने ।

६. वर्षातको अवधिमा खाद्यान्न अभाव नहुने वातावरण सुनिश्चित गर्नका लागि दैनिक उपभोग्य सामग्रीको मौज्दात भण्डार गर्न कैलाली उद्योग वाणिज्य संघ तथा खाद्य व्यवस्था व्यापार कम्पनीलाई अनुरोध गर्ने ।

७. विगतमा वर्षातको समयमा डुबान तथा नदी कटानका कारण ठूलो विपद्को सामना गर्नु परेकोले यस वर्ष पनि मनसून शुरु भैसकेको सन्दर्भमा आवश्यक पूर्वतयारीका साथ खोज तथा उद्धार कार्यमा जुनसुकै बेला परिचालन गर्न सकिने गरी उद्धार, राहत र पुर्नस्थापना कार्यमा खटिने सुरक्षाकर्मी सहितका आवश्यक जनशक्ति, श्रोतसाधनहरू तयारी अवस्थामा राख्न नेपाली सेना, नेपाल प्रहरी र सशस्त्र प्रहरीलाई अनुरोध गर्ने ।

८. आ-आफ्नो नजिकको प्रहरी युनिटसँग समन्वय गरि खोज तथा उद्धार कार्यका लागि आवश्यक पर्ने श्रोत साधन उपलब्ध गराउन सम्बन्धित स्थानीय तहलाई अनुरोध गर्ने ।

९. जिल्ला विपद् व्यवस्थापन समितिका तर्फबाट मिति २०७७ चैत्र २७ देखि २०७८ असाढ २ गतेसम्म विपदबाट प्रभावितहरुलाई राहत बापत रु. ६०,०००।- (साठी हजार) उपलब्ध गराइएको जानकारी जिल्ला प्रशासन कार्यालयबाट भयो । उक्त खर्च बैठकबाट अनुमोदन गर्ने गरी जिल्लाभित्रका विपद्का घटनाका पीडितहरुलाई जिल्ला प्रशासन कार्यालय, कैलालीले स्वीकृत मापदण्ड बमोजिम राहत उपलब्ध गराउन सक्ने ।

१०. विगतका वर्षहरुझैं यस वर्ष पनि बाढी पूर्वतयारीका लागि सबै स्थानीय तहहरु, राजनैतिक दल, नागरिक समाज, सरकारी तथा गैरसरकारी संघसंस्था, पत्रकार, स्थानीय समुदाय, नेपाल रेडक्रस सोसाइटी, जिल्लाका अगुवा सहयोगी संस्था, संयुक्त राष्ट्रसंघीय निकाय लगायत सरोकारवाला सबैले आ-आफ्नो तयारीका साथ विपद् व्यवस्थापन समितिको समन्वयमा बाढी पूर्वतयारीका गतिविधिहरुमा सक्रिय रुपमा लाग्न अनुरोध गर्ने ।

Scanned with CamScanner

११. प्रारम्भिक द्रूत लेखाजोखा (IRA) सम्बन्धी तालिमका लागि नेपाल रेडक्रस सोसाइटीलाई अनुरोध गर्ने ।

१२. लम्कीचुहा नगरपालिका, नगर कार्यपालिकाको कार्यालयको च.नं. ३४३५ मिति २०७८।०१।०६ गतेको प्राप्त पत्र अनुसार उक्त नगरपालिकाको स्थानीय आपतकालिकन कार्य सञ्चालन केन्द्र, (LEOC) मा VHF Set Walkie Talkie का लागि माग भई आएकोले जिल्ला सुरक्षा समिति मार्फत सिफारिस गरि पठाउन अनुरोध गर्ने ।

१३. नजिकको डिभिजन वन कार्यालयसँग आवश्यक समन्वय गरि बाढी प्रभावित क्षेत्रलाई विशेष प्राथमिकतामा राखी वृक्षारोपणका लागि आवश्यक कार्यक्रम संचालन गर्न सम्वन्धित स्थानीय तहलाई र सहजिकरणका लागि डिभिजन वन कार्यालय धनगढी र कैलालीलाई अनुरोध गर्ने ।

१४. विपद्का कारण उत्पन्न हुने सम्भावित जोखिमलाई न्यूनीकरण गर्नका लागि आवश्यक श्रोतसाधन लगायतका खोज तथा उद्धारका सामग्रीहरुको व्यवस्थापनका लागि विपद्को क्षेत्रमा नेपालमा कार्यरत रहेका UN Agency लगायत विभिन्न सरकारी/गैरसरकारी संघसंस्थाहरुलाई आवश्यक सहयोगका लागि अनुरोध गर्ने ।

१५. २०७८ असारको पहिलो साताभित्र सबै स्थानीय तहहरुले मनसून पुर्वतयारी बैठक गरी अनिवार्य रूपमा निम्नानुसारको तयारी समेत गर्ने ।

- ✓ सबै स्थानीय तहहरुले बाढीजन्य विपद्बाट उच्च जोखिमयुक्त क्षेत्र, परिवार संख्या र सुरक्षित स्थानको अविलम्ब पहिचान गर्ने,
- ✓ सबै स्थानीत तहभित्र भएको विपद्मा प्रयोग हुने स्रोत साधन, जनशक्तिको अद्यावधिक गरी तयारी अवस्थामा राख्ने,
- ✓ सबै स्थानीय तहले आ-आफ्नो वडामा समेत विपद् फोकल व्यक्ति तोकि गेज रिडरहरुसँग समन्वय गरि जिल्ला आपतकालिन कार्यसञ्चालन केन्द्र (DEOC) लाई समेत सूचना आदान प्रदान गर्ने ।
- ✓ विपद् सर्वेक्षणका लागि आवश्यक पर्ने जनशक्तिको पहिचान, प्रारम्भिक द्रूत लेखाजोखा (IRA) र घरधुरी सर्वेक्षण फारम तयारी अवस्थामा राख्ने,
- ✓ नदी तथा खोलामा पानीको सतह बढेको अवस्थामा माछा मार्न, दाउरा छोप्न जाने, पौडी खेल्ने जस्ता कार्यहरु निषेध गर्ने,
- ✓ अत्यावश्यक सामग्री (खानेकुरा, कपडा, औषधि, पानी आदि) हरुको आवश्यक भण्डारण गर्ने,
- ✓ महिला, बालबालिका, जेष्ठ नागरिक, अपाङ्गता भई उच्च जोखिममा रहेका व्यक्तिहरुको सुरक्षामा विशेष ध्यान दिने,
- ✓ NEOC, DEOC, DHM बाट नदीनालामा पानीको बहावको सूचना लिई नदीको सतह बढेको तल्लो तटीय क्षेत्रका बासिन्दाहरुलाई सुरक्षित रहन सूचना प्रवाह गर्ने/गराउने,
- ✓ मौसम सम्बन्धी जानकारीका लागि जल तथा मौसम विज्ञान विभागको वेवसाइट www.hydrology.gov.np र गृह मन्त्रालयको drrportal.gov.np नियमित अवलोकन गर्ने ।

१६. यस वर्षको मनसून पूर्वतयारी तथा प्रतिकार्य योजना, २०७८ र विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना, २०६८ को १० औं अध्यावधिक गर्ने कार्यमा आर्थिक तथा प्राविधिक सहयोग पुऱ्याउने जिल्लाका अगुवा सहयोगी संस्था नेपाल रेडक्रस सोसाइटी कैलाली, मर्सिकोर नेपाल, सहायक प्रमुख जिल्ला अधिकारीज्यूको नेतृत्वमा बनेको विपद् पूर्वतयारी तथा प्रतिकार्य योजनाको १० औं अध्यावधिक कार्यदलका सदस्यहरुका साथै अन्य सहयोगी सबै संस्था, निकाय तथा व्यक्तिहरुलाई विशेष धन्यवाद दिने ।

Scanned with CamScanner

आज मिति २०७८ साल आषाढ ३ गते बुधवारका दिन प्रमुख जिल्ला अधिकारी श्री खगेन्द्र प्रसाद रिजाल ज्यूको अध्यक्षतामा तपसिलमा उल्लेखित पदाधिकारीहरुको उपस्थितिमा जिल्ला विपद व्यवस्थापन समितिको बैठक बसी समितिबाट यस अघि भएका निर्णयहरुको कार्यान्वयन अवस्थाका सन्दर्भमा समीक्षा गर्दै विपद व्यवस्थापनका सम्बन्धमा देहाय बमोजिम गर्ने निर्णय गरियो।

उपस्थिती :-

प्र.जि.अ. श्री खगेन्द्र प्रसाद रिजाल . जि.प्र.का. कैलाली .
प्र.से. श्री विकास के.सी. . भवानी दल गण तोघरी
प्र.उ. श्री अनुपम आर्चे जे.बी.सी. - जि.प्र.का. कैलाली.
स.प्र.उ. श्री दिपेन्द्र कुँवर . स.प्र.ने. नेपाल ने. ३४ गण
उ.अ.नि. श्री रमेश थिङ्गा . राष्ट्रिय अनुसन्धान कार्यालय
प्र.जि.अ. श्री हिरालाल चौधरी - जि.प्र.का. कैलाली,
प्र.अ. श्री शिवराज जोशी - जि.प्र.का. कैलाली .

विशेष आमन्त्रित, नगर प्रमुख - लप बहादुर बडु - धनगढी उ.म.न.पा.
नगर प्रमुख श्री हरि सिंह साउद - गोदावरी न.पा.

अन्य उपस्थिति :-

केशवदत्त भट्ट - केयर नेपाल
प्रवीण शाह - संघिय आयोजना कार्यान्वयन इकाइ (भवन), आ.प्र.
केदार आर श्रेष्ठ. आ.नि. रानी जमरा कुलरिया सिंचाइ आयोजना,
बिदुर मान श्रेष्ठ सि.डि.ई " "
लक्ष्मीप्रसाद जोशी डी.भ.अ. विपद्सम्पर्क व्यक्ती, आन्तरिक मा. ह्याकी.म.
केशवराज मिश्र नेपाली काँग्रेस प्रतिनिधी
ई. हेम बहादुर थापा सि.डी.ई. सि.डि.ओ. कैलाली
मे.सु. डा. हेमराज पाण्डे - सेती प्रादेशिक अस्पताल
श्रीलाल पोखरेल माइक्रोर नेपाल
बिमल प्रकाश जोशी नि.जि.स. अधिकारी, जि.स.स. कैलाली
विनोद चन्द - ने.रे.च.सो. नेपाल
खगेन्द्र प्र. शर्मा - कृषि ज्ञान केन्द्र, प्रमुख
लोक राज दहाल - अधिकृत, जि.प्र.का. कैलाली

Scanned with CamScanner

रणबहादुर चन्द नेकपा (एमाले) प्रतिनिधि

चक्र बहादुर बम, प्राक्टिकल एक्सन

नित्यानन्द पाण्डे वर्ल्ड भिजन इन्टरनेशनल नेपाल

सतिश पाण्डे UNDP

राजेन्द्र चन्द WFP

खगेन्द्र बहादुर सिंह, प्रमुख प्रशासकीय अधिकृत, घोडाघोडी न.पा.

छविलाल तिवारी अधिकृतहरू, घोडाघोडी न.पा.

दीपक जोशी समपती ने रे सो कैलाली

हेमन्तराज ओझा नेरेसो कैलाली

चेतनखड्का " " DEOC Kailali